नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- २५५

मिति :- वि.सं. २०८२/०९/०७

ने.स. :- ११४६ पोहेलाथ्व, ३ सोमवार

विषयः सूचना ।

प्रदेश स्तरमा वर्गीकरणमा परेको कपिलबस्तुबाट प्रकाशन हुने बुद्ध दर्पण राष्ट्रिय दैनिक र वर्गीकरणमा नै नपरेको भैरहवाबाट प्रकाशन हुने गौतमबुद्ध सन्देश पत्रिकाले आफूलाई राष्ट्रिय स्तरको पत्रिका भनी लुम्बिनी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका केही स्थानीय तह एवम् सरकारी कार्यालयहरुका मिति २०८१/०५/०२ देखि मिति २०८१/०६/०९ सम्मका बोलपत्र सम्बन्धी सुचनाहरु सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ विपरीत प्रकाशन गरेको हुँदा उल्लिखित सरकारी कार्यालयहरु तथा पत्रपत्रिकालाई कारबाही गरी पाऊँ भन्ने व्यहोराको उजुरी यस बोर्डमा मिति २०८१/०६/०६ मा दर्ता हुन आएकोमा उजुरी उपर अनुसन्धान गरी देहाय बमोजिम कारबाही गर्ने गरी विज्ञापन बोर्डको मिति २०८२/०९/०३ गतेको बोर्ड बैठकबाट निर्णय भएकोले विज्ञापन (नियमन गर्ने) नियमावलीको नियम ११ख. (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**रुपन्देहीबाट प्रकाशन हुने गौतम बुद्ध सन्देश दैनिकको हकमा**

रुपन्देहीबाट प्रकाशन हुने गौतमबुद्ध सन्देश दैनिकले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ को दफा १९(छ) को व्यवस्थाको उल्लंघन गरेको देखिएको हुँदा उक्त पत्रिकालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ११, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ११ख. तथा ऐ. आचारसंहिताको दफा ३०(च) बमोजिम सरकारी वा सार्वजनिक निकायबाट २०८२ पौष १० गतेदेखि २०८२ माघ ९ गते सम्मको लागि विज्ञापन/सूचना वा सुविधा दिन वा लिन वा विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारण सम्बन्धी कार्य गर्न रोक लगाउने र उक्त अवधि सम्म उक्त पत्रिका बोर्डमा नवीकरण समेत नगर्ने ।

**कपिलवस्तुबाट प्रकाशन हुने बुद्ध दर्पण राष्ट्रिय दैनिकको हकमा**

कपिलवस्तुबाट प्रकाशन हुने बुद्ध दर्पण राष्ट्रिय दैनिकले विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारणसम्बन्धी आचारसंहिता, २०७९ को दफा १९(छ) को व्यवस्थाको उल्लंघन गरेको देखिएको हुँदा उक्त पत्रिकालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ११, विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ११ख. तथा ऐ. आचारसंहिताको दफा ३०(ङ) बमोजिम बोर्डबाट उपलब्ध गराईने लोककल्याणकारी विज्ञापन २०८३ असारमसान्त सम्मको लागि प्राप्त गर्नबाट रोक लगाउने र उक्त अवधिसम्म उक्त पत्रिका बोर्डमा नवीकरण समेत नगर्ने ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Devi Pandey Khatri
devipandey2039@gmail.com

(देवी पाण्डे (खत्री))

प्रमुख प्रशासकीय अधिकृत

इमेलः info@adboard.gov.np फोन नं: +९७७ ०१५९०९३४४ वेबसाइटः https://adboard.gov.np/